# बर्दगोरिया गाउपालिका

## गाउ कार्यपालिकाको कार्यालय

मुडा ०२ ,कैलाली

## आ.व. २०७७/७८ का लागि ढुङ्गा, गग्रवेल, बालुवाको कर तथा शुल्क सङ्कलनको ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२३ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ (क) अनुसार यस गाउपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेका र घाटगद्धी तोकिएका नदी खोलाहरुबाट गिट्टी, बालुवा, भरान, ग्राभेल, आदीको कुल सङ्कलन घन मि. १२०,०००/०० मात्र (बिक्री प्रति घन मिटर रु.७५/- भ्याट बाहेक) नदीजन्य पदार्थको (स्थानिय निर्माण सामाग्री) बिक्री गर्न सक्ने प्रावधान बमोजिम आ.व. २०७७/७८ का लागि गाउसभा बाट तोकिएको उक्त दररेट बमोजिम रोयल्टी सङ्कलन गर्न चाहने इजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल वमोजिमको शर्तको अधिनमा रही ३० दिने बोलपत्र आह्वानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. न्यूनतम ठेक्का अंक रु ९०,००,०००/- (नब्बे लाख मात्र) (भ्याट बाहेक) कायम गरिएको छ ।

२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्फौता गरेको मितिले २०७८ साल जेष्ठ मसान्तसम्म मात्र कायम रहने छ ।

३. तोकिएको स्थानको सीमा रेखाभन्दा बाहिर गई रोयल्टी सङ्कलन गर्न पाईने छैन, तोकिएको सीमाभन्दा बाहिर गई रोयल्टी सङ्कलन गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्फौता रद्ध गर्न सक्नेछ ।

४. वोलपत्र दस्तुर रकम यस कार्यालयको NIC ASIA बौनिया शाखाको खाता न. ९५४१४९८६८७५२४००१ (संचित कोष खाता Ga-4) मा नगद जम्मा गरी (रु ३०००/- अक्षेरेपी तिन हजार) फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।

५. वोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ । वोलपत्र ३१औं दिनको १२.०० वजे भित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र ३१औ दिनको २.०० वजे खोलिने हुँदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

६. वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सोही समयमा काम हुनेछ ।

७. आफुले कवोल गरेको ठेक्का अङ्कको ५% खदरकम यस कार्यालयको NIC ASIA बैंकको धराटी खाता **हि.न. ९५४१४९८६८७५२४००४ (धरौटी खाता)** मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । **बोलपत्र समाबेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट गर्नु पर्नेछ ।**

८. बोलपत्र पेश गर्ने ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नबिकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी पेश गर्नु पनेछ ।

९. वोलपत्र दाताले कवोल गरेको ठेक्का अङ्क वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्फौता गराई ठेक्का चलनको पट्टा पूर्जी प्रदान गरिनेछ ।

१०. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्फौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रुपमा बुझाउनु पर्ने छ ।

११. यसमा उल्लेखित कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फाराममा उल्लिखित शर्तहरु, यस गाउपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन बिक्रि तथा ब्यवस्थापन मापदण्ड २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउ सभाले स्वीकृत गरेको आर्थिक ऐन २०७७ र प्रदेश तथा प्रचलित कानून बमोजिम हुनेछ । साथै कार्यगत शर्तका विवरणहरु सम्फौतामा उल्लेख भए वमोजिम हुनेछन् ।

१२. स्वीकृत कार्याबिवरण बमोजिम चार स्थानका **(भिजुवा नदि, पथरिया नदि, कांडा नदि, कुहिरा नदि)** घाट कभरेजबाट बालुवा गिट्टी र ग्राभेल उत्खनन् परिमाण अधिकतम १२०,०००/०० घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिए बमोजिमको नदी घाट कभरेज (Coverage) भन्दा बाहिर गएर संङ्कलन,उत्खनन् घाटगद्धी र बिकि गर्न पाईने छैन ।

१३. यस कार्यालयको महालेखा परीक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस ब्यहोरा अनुसार सम्बन्धित फर्म वा कम्पनीहरुले आफ्नो बेरुजु बिवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परीक्षकको प्रतिबेदन हेर्न समेत सूचित गरिन्छ ।

१४. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखाको फोन न. ०९१-४०४०८९ मा सम्पर्क राख्न सकिने छ ।

१५. बातावरणिय अध्ययन मा तोकिए बमोजिम को परिमाणमा फरक पर्न गएमा सम्फौता बखत बोलपत्रदाताले पेश गरेको कबोल अङ्कमा परिमार्जन गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

अर्जुन सिंह कार्की